'पर्यटकीय नगरी'

# सूर्योदय नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

फिक्कल, इलाम
१ नं. प्रदेश, नेपाल

प.सं. ०७६/७७
च.नं. ५६६

मिति : २०७७/०४/२१

**विषय : सहकारी संस्थाहरुलाई अत्यन्त जरुरी सूचना ।**

श्री १देखि १४ नं. सबै वडा कार्यालय

सूर्योदय नगरपालिका, इलाम

प्रस्तुत विषयमा सूर्योदय नगरपालिका नगर कार्यपालिका (सहकारी तथा संघसंस्था शाखा) को सहकारी संस्थाहरुलाई जारी गरिएको अत्यन्त जरुरी सूचना थान ४ (चार)इमेल मार्फत यसै साथ पठाइएको छ । सूचना टाँस गरी सम्बन्धित संस्थाहरुलाई जानकारी समेत गराई दिनुहुन अनुरोध छ ।

बोधार्थ

श्रीमान नगरप्रमुखज्यू , नगर प्रमुखज्यूको नीजि सचिवालय, सूर्योदय नगरपालिका, फिक्कल, इलाम

श्री उपप्रमुख ज्यू, सूर्योदय नगरपालिका फिक्कल, इलाम

श्री जिल्ला सहकारी संघ, इलाम

श्री जिल्ला कृषि सहकारी संघ लि. इलाम

श्री जिल्ला दुग्ध उत्पादक सहकारी संघ लि. इलाम

श्री जिल्ला बचत तथा ऋण सहकारी संघ लि., इलाम

२०७७/४/२१

प्रमुख प्रशासकीय अधिकृत

"पर्यटकीय नगरी"

# सूर्योदय नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

प.स :- २०७६/०७८
च.नं.:

(सहकारी तथा शाखा संघ,संस्था शाखा)

फिक्कल, ईलाम
१ नं. प्रदेश, नेपाल
मितिः-२०७७/०४/२१

**विषयः- सूर्योदय नगरपालिकाका सबै सहकारी संस्थाहरुलाई अत्यन्त जरुरी सूचना।**

प्रस्तुत विषयमा सूर्योदय नगरपालिकाको कार्यक्षेत्रभित्र रहेका सहकारी संघ संस्थाहरुलाई संघिय सहकारी ऐन, २०७४ र संघिय सहकारी नियमावली २०७५ तथा सूर्योदय नगरपालिकाको सहकारी ऐन, २०७५ सम्पत्ती शुद्धिकरण ऐन,२०६४ को व्यवस्था बमोजिम यस नगर क्षेत्र भित्र क्रियाशिल सहकारी संस्थाहरुले तपसिलमा उल्लेख भएबमोजिमको कार्य गर्नु गराउनु हुन यो सूचना जारी गरिएको छ। यो सूचना बमोजिम कार्य वा व्यवस्थापन नगर्ने सहकारी संस्थाहरुका संचालकलाई सोही ऐन तथा नियमावली बमोजिम कसुर तथा सजाय भई जाने व्यहोरा समेत सूचित गरिन्छ।

**तपसिल :**

१) संस्थाको लेखा परिक्षण २०७६ आश्विन मसान्त भित्र र बार्षिक साधारण सभा २०७६ पौष मसान्त भित्र सम्पन्न गरी सम्पन्न भएको १५ दिन भित्र विस्तृत प्रतिवेदन सहित सूर्योदय नगरपालिकाको कार्यालय, सहकारी तथा संघ संस्था शाखामा पेश गर्नु हुन।

२) सहकारी विभागले तोके बमोजिम सहकारी संस्थाहरुले ऋण लगानीमा लिने अधिकतम व्याजदर १६% मा नबढ्ने गरी कायम गर्नुहुन एवं सदस्यलाई ऋण प्रदान गर्दा व्यवस्थापन शुल्क १% भन्दा नबढ्ने गरी व्यवस्था गर्नुहुन।

३) संघीय सहकारी नियमावली २०७५ को नियम २५, २६ र २७ ले ब्यवस्था गरेबमोजिमको संरचनामा विनियममा कोषको व्यवस्था गर्नु हुन तथा बचत तथा ऋणको कारोबारको आधारमा सदस्यहरुलाई अनिवार्य संरक्षित पूजि फिर्ता कोष वितरणको ब्यवस्था गर्नुहुन।

४) कुनै एक व्यक्ति एक स्थानिय तहको एकै प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्य रहेको भए कुनै एक संस्थाको सदस्यता कायम हुने व्यवस्था गर्नुहुनका साथै ऐन तथा नियमावलीले संचालक समितिमा रहन नपाउने भनी तोकेको बहालवाला सरकारी कर्मचारी लगायतका व्यक्तिहरुले ऐनले तोकेको समयावधिभित्र संचालक समितिबाट हट्न हुन।

५) बार्षिक २ करोडभन्दा बढी कारोवार गर्ने संस्थामा कुनै संचालक कर्मचारी रहेको भए त्यस्ता संचालकले कर्मचारी पद त्याग गरी अर्को कर्मचारीको व्यवस्था गर्नुहुन।

६) बचत तथा ऋण सहकारी संस्था बाहेक अन्य विषयगत वा बहुउद्देश्यीय संस्थाले बचत तथा ऋणको मुख्य कारोवार नहुने गरी विनियम बमोजिम अन्य बहुउद्देश्यीय गतिविधी संचालन गर्नुहुन।

७) विगत २-३ वर्षदेखि लेखापरीक्षण, साधारणसभा र अन्य कुनैपनि गतिविधीहरु गरेको भएको विवरण यस सूर्योदय नगरपालिकामा पेश नगर्ने संस्थाहरुको विवरणलाई निश्क्रिय संस्थाको रुपमा कायम गरी संस्थाको दर्ता खारेज तर्फ कार्वाही बढाइने भएको हुनाले सो बाट हुने जोखिमको जिम्मेवार संचालक समिति स्वयम् हुनुपर्नेछ।

८) सहकारी संस्थाले स्थायी लेखा नम्बर PAN लिनुपर्ने, चारखातामा संस्थाको हिसाब चुस्त दुरुस्त राख्नु पर्ने, नागरिक बडापत्र र मापदण्ड अनुसारको साईनबोर्डको व्यवस्था गर्नुपर्नेछ।

९) यस कार्यालयबाट अनुगमन गर्दा माथिका विवरणहरु नपाइएमा कार्यालयबाट प्रदान हुने सेवा सुविधा तथा अवसरबाट वञ्चित गराईने र प्रचलित ऐन, नियम तथा कानुन अनुसार कार्वाही भएमा संचालक स्वयम् जिम्मेवार हुने व्यहोरा समेत सूचित गरिन्छ।

बोधार्थः
श्रीमान नगर प्रमुख ज्यू,
नगर प्रमुख ज्यूको निजी सचिवालय, सूर्योदय नगरपालिका फिक्कल,इलाम

"पर्यटकीय नगरी"

# सूर्योदय नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

(सहकारी तथा शाखा संघ,संस्था शाखा)

प.स :- २०७६/०७८
च.नं.:

फिक्कल, ईलाम
१ नं. प्रदेश, नेपाल
मिति:-२०७७/०४/२१

**विषयः- सूर्योदय नगरपालिकाका सहकारी संस्थाहरुलाई अत्यन्त जरुरी सूचना।**

प्रस्तुत विषयमा सूर्योदय नगरपालिकाको कार्यक्षेत्रभित्र रहेका सहकारी संघ संस्थाहरुलाई संघिय सहकारी ऐन, २०७४ र संघिय सहकारी नियमावली २०७५ तथा सूर्योदय नगरपालिकाको सहकारी ऐन, २०७५ सम्पत्ती सुद्धिकरण ऐन,२०६४ को व्यवस्था बमोजिम यस नगर क्षेत्र भित्र क्रियाशिल सहकारी संस्थाहरुले तपसिलमा उल्लेख भएबमोजिमको कार्य गर्नु गराउनु हुन यो सूचना जारी गरिएको छ। यो सूचना बमोजिम कार्य वा व्यवस्थापन नगर्ने सहकारी संस्थाहरुका संचालकलाई सोही ऐन तथा नियमावली बमोजिम कसुर तथा सजाय भई जाने व्यहोरा समेत सूचित गरिन्छ।

**तपसिल :**

१) संस्थाको लेखा परिक्षण २०७६ आश्विन मसान्त भित्र र बार्षिक साधारण सभा २०७६ पौष मसान्त भित्र सम्पन्न गरी सम्पन्न भएको १५ दिन भित्र विस्तृत प्रतिवेदन सहित सूर्योदय नगरपालिकाको कार्यालय, सहकारी तथा संघ संस्था शाखामा पेश गर्नु हुन।

२) सहकारी विभागले तोके बमोजिम सहकारी संस्थाहरुले ऋण लगानीमा लिने अधिकतम व्याजदर १६% मा नबढ्ने गरी कायम गर्नुहुन एवं सदस्यलाई ऋण प्रदान गर्दा व्यवस्थापन शुल्क १% भन्दा नबढ्ने गरी व्यवस्था गर्नुहुन।

३) संघीय सहकारी नियमावली २०७५ को नियम २५, २६ र २७ ले व्यवस्था गरेबमोजिमको संरचनामा विनियममा कोषको व्यवस्था गर्नु हुन तथा बचत तथा ऋणको कारोबारको आधारमा सदस्यहरुलाई अनिवार्य संरक्षित पूजि फिर्ता कोष वितरणको व्यवस्था गर्नुहुन।

४) कुनै एक व्यक्ति एक स्थानिय तहको एकै प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्य रहेको भए कुनै एक संस्थाको सदस्यता कायम हुने व्यवस्था गर्नुहुनका साथै ऐन तथा नियमावलीले संचालक समितिमा रहन नपाउने भनी तोकेको बहालवाला सरकारी कर्मचारी लगायतका व्यक्तिहरुले ऐनले तोकेको समयावधिभित्र संचालक समितिबाट हट्न हुन।

५) बार्षिक २ करोडभन्दा बढी कारोवार गर्ने संस्थामा कुनै संचालक कर्मचारी रहेको भए त्यस्ता संचालकले कर्मचारी पद त्याग गरी अर्को कर्मचारीको व्यवस्था गर्नुहुन।

६) बचत तथा ऋण सहकारी संस्था बाहेक अन्य विषयगत वा बहुउद्देश्यीय संस्थाले बचत तथा ऋणको मुख्य कारोवार नहुने गरी विनियम बमोजिम अन्य बहुउद्देश्यीय गतिविधी संचालन गर्नुहुन।

७) विगत २-३ वर्षदेखि लेखापरीक्षण, साधारणसभा र अन्य कुनैपनि गतिविधीहरु गरेको भएको विवरण यस सूर्योदय नगरपालिकामा पेश नगर्ने संस्थाहरुको विवरणलाई निश्क्रिय संस्थाको रुपमा कायम गरी संस्थाको दर्ता खारेज तर्फ कार्वाही बढाइने भएको हुनाले सो बाट हुने जोखिमको जिम्मेवार संचालक समिति स्वयम् हुनुपर्नेछ।

८) सहकारी संस्थाले स्थायी लेखा नम्बर PAN लिनुपर्ने, चारखातामा संस्थाको हिसाब चुस्त दुरुस्त राख्नु पर्ने, नागरिक बडापत्र र मापदण्ड अनुसारको साईनबोर्डको व्यवस्था गर्नुपर्नेछ।

९) यस कार्यालयबाट अनुगमन गर्दा माथिका विवरणहरु नपाइएमा कार्यालयबाट प्रदान हुने सेवा सुविधा तथा अवसरबाट वञ्चित गराईने र प्रचलित ऐन, नियम तथा कानुन अनुसार कार्वाही भएमा संचालक स्वयम् जिम्मेवार हुने व्यहोरा समेत सूचित गरिन्छ भनि मिति२०७६।०६।०८मा पत्राचार भएको तथा सहकारी ऐन २०४८ खारेज भई नयाँ सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ र सूर्योदय नगरपालिकाले समेत सहकारी ऐन २०७५ जारी गरी हाल कार्यान्वयन भइ सकेको र उक्त ऐन तथा नियमावलीको परिधि भित्र रही सहकारी संस्थाहरु संचालन गर्नुपर्ने सो नभए प्रचलित सहकारी ऐनको दफाहरुमा भएका विभिन्न कसुर सजाय तथा अन्य प्रावधानले संस्था तथा संचालक लगायत सम्बन्धित अन्य निकायहरुको समेत ध्यान केन्द्रीत भइ सो को भागीदार र सजाय तथा जिम्मेवार व्यक्ति संचालक नै हुने भएकोले यो पत्रको मितिले १५ (पन्ध्र) दिन

"पर्यटकीय नगरी"

# सूर्योदय नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

प.स :- २०७६/०७६ (सहकारी तथा शाखा संघ,संस्था शाखा) फिक्कल, ईलाम

च.नं.: १ नं. प्रदेश, नेपाल

भित्र लेखा परीक्षण प्रतिवेदन र साधारण सभाको प्रतिलिपि हालको सहकारी ऐन, नियमावलीको व्यवस्था अनुसार विनियम संशोधन तथा सम्बन्धित निकायमा बुझाउनु पर्ने कागजात, कर चुक्ताको प्रमाण सहित विवरण पेश गर्न सूचित गरिएको छ । अन्यथा प्रचलित ऐन नियम अनुसार भइ जाने सोबाट कानूनी वाधा परेमा संचालक स्वयंम भागी हुने र यो पत्रको मिति भन्दा ढिलो प्रतिवेदन प्राप्त भएमा या नियम कानूनको उल्लघंन पटक पटक भएमा संस्था दर्ता खारेज तर्फ र अन्य प्रचलित कानून अनुसार हुने व्यहोरा यसै पत्र द्धारा जानकारीका लागि अनुरोध छ भनिसम्बधित वडा कार्यालयलाई समेत बोधार्थ दिई प्रचलित सहकारी ऐन२०७४,नियमावली २०७५ तथा सूर्योदय नगरपालिकाको सहकारी ऐन २०७५मा ब्यबस्था भएका प्रचलित बिबरणहरु समाबेस गरी संस्थाहरुलाई पत्राचार भएकोमा केही संस्था बाहेक तपशिलमा उल्लखित संस्थाहरुले कुनै पनि बिबरण तथा सम्पर्क समेत नगर्नु भएकोले ३५ दिने संस्था दर्ताको खारेज सम्बन्धी सूचना प्रकाशन गरी तपशीलका संस्थाहरुलाई जानकारी गराइएको छ ।दर्ता खारेज नगर्नु पर्ने भए यो सूचना प्रकाशित भएको मिति १५ दिन भित्र यस कार्यालयमा आफ्नो संस्थाको भरपर्दो बिबरण तथा माथि उल्लेखित सबै बिबरण बुझाउनु हुन सो नभए संस्थाको दर्ता स्वतह खारेज हुने ब्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइएको छ ।

बोधार्थः

**श्रीमान नगर प्रमुख ज्यू,**

**नगर प्रमुख ज्यूको निजी सचिवालय, सूर्योदय नगरपालिका फिक्कल,इलाम**

**श्रीमान उप प्रमुख ज्यू, सूर्योदय नगरपालिका फिक्कल,इलाम**

**तपशील**

१. श्री निलकमल बचत तथा ऋण सहकारी संस्था लि. साविक गोर्खे गा.वि.स-८ / हाल सू.न.पा-१, इलाम

२. श्री क्यामोलिय दुग्ध उत्पादक सहकारी संस्था लि. साविक गोर्खे-३ / हाल सू.न.पा- १ , इलाम

३. श्री नव एकता कृषि सहकारी संस्था लि. साविक गोर्खे-३ / हाल सू.न.पा- १ , इलाम

४. श्री बगान झ्याली कृषि सहकारी संस्था लि. साविक गोर्खे-८ / हाल सू.न.पा- १ , इलाम

५श्री दुर्गा भवानी दुग्ध उत्पादक सहकारी संस्था लि साबिक जोगमाइ ९ हाल सू.न.पा- १ , इलाम

६. श्री सिंह देवी दुग्ध उत्पादक सहकारी संस्था लि. साविक पशुपतिनगर-५ / हाल सू.न.पा- २ , इलाम

७. श्री किरण कृषि सहकारी संस्था लि. साविक पशुपतिनगर-७ / हाल सू.न.पा- २ , इलाम

८. श्री रुङ्गसुङ्ग दुग्ध उत्पादक सहकारी संस्था लि. साविक पशुपतिनगर-८ / हाल सू.न.पा- ३ , इलाम

९. श्री नमोबुद्ध दुग्ध उत्पादक सहकारी संस्था लि. साविक पशुपतिनगर-९ / हाल सू.न.पा- ३ , इलाम

१०. श्री चन्द्रोदय दुग्ध उत्पादक सहकारी संस्था लि. साविक पशुपतिनगर-८ / हाल सू.न.पा- ३ , इलाम

११. श्री रोचक कृषि सहकारी संस्था लि. साविक पशुपतिनगर-९ / हाल सू.न.पा- ३ , इलाम

१२. श्री पारीजात कृषि सहकारी संस्था लि. साविक पशुपतिनगर-८ / हाल सू.न.पा- ३ , इलाम

१३. श्री कट्टेबुङ्ग चिया सहकारी संस्था लि. साविक पशुपतिनगर-३ / हाल सू.न.पा- ३ , इलाम

१४. श्री कलन कृषि सहकारी संस्था लि. साविक श्रीअन्तु -६ / हाल सू.न.पा- ४ , इलाम

१५. श्री मेची किनार बहुउद्देशीय सहकारी संस्था लि. साविक समालबुङ्ग -४ / हाल सू.न.पा- ५ , इलाम

१६. श्री सूर्यमूखी कृषि बहुउद्देशीय सहकारी संस्था लि. साविक कन्याम -६ / हाल सू.न.पा- ६ , इलाम

१७. श्री याङ्ग दुग्ध उत्पादक सहकारी संस्था लि. साविक फिक्कल -९ / हाल सू.न.पा- १० , इलाम

१८. श्री श्रीकृष्ण दुग्ध उत्पादक सहकारी संस्था लि. साविक फिक्कल -७ / हाल सू.न.पा- १० , इलाम

१९. श्री सिद्धिदेवी दुग्ध उत्पादक सहकारी संस्था लि. साविक फिक्कल -६ / हाल सू.न.पा- १० , इलाम

"पर्यटकीय नगरी"

# सूर्योदय नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

प.स :- २०७६/०७६ (सहकारी तथा शाखा संघ,संस्था शाखा) फिक्कल, इलाम
च.नं.: १ नं. प्रदेश, नेपाल

२०श्री जनकल्याण कृषि तथा पशुपालन सहकारी संस्था लि. साविक पञ्चकन्या-९/ हाल सू.न.पा- १२ , इलाम
२१. श्री आरुबोटे दुग्ध उत्पादक सहकारी संस्था लि. साविक फिक्कल -७ / हाल सू.न.पा- १० , इलाम
२२. श्री रमितेमेल्बोटे दुग्ध उत्पादक सहकारी संस्था लि. साविक फिक्कल -६ / हाल सू.न.पा- १० , इलाम
२३. श्री नयाँचोक दुग्ध उत्पादक सहकारी संस्था लि. साविक फिक्कल -९ / हाल सू.न.पा- १० , इलाम
२४. श्री केराबारी दुग्ध उत्पादक सहकारी संस्था लि. साविक पञ्चकन्या-६ / हाल सू.न.पा- ११ , इलाम
२५. श्री भित्री गाउँ तरकारी उत्पादक सहकारी संस्था लि. साविक पञ्चकन्या-८ / हाल सू.न.पा- ११ , इलाम
२६. श्री आइतबारे दुग्ध उत्पादक सहकारी संस्था लि. साविक पञ्चकन्या-२ / हाल सू.न.पा- ११ , इलाम
२७. श्री बिजी दुग्ध उत्पादक सहकारी संस्था लि. साविक पञ्चकन्या-२ / हाल सू.न.पा- ११ , इलाम
२८. श्री पञ्चमूखी अलैंची उत्पादक सहकारी संस्था लि. साविक पञ्चकन्या-२ / हाल सू.न.पा- ११ , इलाम
२९. श्री लक्ष्मीनारायण दुग्ध उत्पादक सहकारी संस्था लि. साविक पञ्चकन्या-३ / हाल सू.न.पा- ११ , इलाम
३० श्री भित्रीगाउ तरकारी उत्पादक सहकारी संस्था लि. साविक पञ्चकन्या-८ / हाल सू.न.पा- ११ , इलाम
३१ श्री केराबारी दुग्ध उत्पादक सहकारी संस्था लि. साविक पञ्चकन्या-६ / हाल सू.न.पा- ११ , इलाम
३२. श्री पञ्चकन्या कृषि बहुउद्देशीय सहकारी संस्था लि. साविक पञ्चकन्या-२ / हाल सू.न.पा- ११ , इलाम
३३. श्री मेची दुग्ध उत्पादक सहकारी संस्था लि. साविक पञ्चकन्या-९ / हाल सू.न.पा- १२ , इलाम
३४. श्री आठघरे कृषि सहकारी संस्था लि. साविक पञ्चकन्या-७ / हाल सू.न.पा- १२ , इलाम
३५. श्री गुराँसे कृषि सहकारी संस्था लि. साविक लक्ष्मीपूर-६ / हाल सू.न.पा- १३ , इलाम
३६. श्री बर्दु दुग्ध उत्पादक सहकारी संस्था लि. साविक लक्ष्मीपूर-२ / हाल सू.न.पा- १४ , इलाम

२०७८/४/२९